# मिथिला लघुवित्त वित्तीय संस्था लि.
**Mithila Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था प्रदेश नं. २ कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, ढल्केबर, धनुषा


प.सं. : २०८२/८३
च.न. : १२८

मिति: २०८२/०९/०९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : साधारण सभा तथा शेयर दाखिल खारेज कारोवार बन्द सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८२/०९/०८ गते मंगलबार दिउसो ०५:०० बजे बसेको संचालक समितिको २८१ औं बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा तपसिल बमोजिमका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न यस वित्तीय संस्थाको सत्रौं वार्षिक साधारण सभा गर्ने भएकोले सोको जानकारीको लागि हार्दिक अनुरोध छ ।

१. सभा हुने मिति, समय र स्थान

सभा हुने मिति : २०८२ पौष ३० गते (तदनुसार जनवरी १४, २०२६) बुधवार ।
समय : बिहान ११:०० बजे ।
स्थान : गौतम होटल बर्दिवास प्रा.लि.को सभा हल, मिथिला नगरपालिका. - ९, लालगढ, धनुषा ।

२. छलफलका विषयहरू

(क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत हुने सत्रौं वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२ उपर छलफल तथा पारित गर्ने ।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सान हिसाब, सोहि अवधिको ईक्वीटीमा भएको परिवर्तन तथा सोहि अवधिको नगद प्रवाह विवरण एवं सो संग सम्बन्धित अन्य अनुसूचीहरु पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर लाभांशमा लागने कर प्रयोजनको लागि आ.व.२०८१/०८२ को मुनाफा बाट शेयरधनीहरुलाई २०८२ आषाढ मसान्तमा कायम रहेको चुक्ता शेयर पूँजी रु.२२ करोड ३९ लाख ३३ हजार १४८ दशमलव २३ को ०.७५ (दशमलव सात पाँच) प्रतिशतले हुने रकम रु.१६,७९,४९८.६१ (सोह्र लाख उनासी हजार चार सय अनठान्बे दशमलव छ एक मात्र ) नगद लाभाँश वितरण गर्ने तथा उक्त रकम संस्थाले बुझाउने प्रस्ताव पारित गर्ने ।
४. बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

(ख) बिशेष प्रस्तावहरु :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८२ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.२२ करोड ३९ लाख ३३ हजार १४८ दशमलव २३ को १४.२५ (चौध दशमलव दुई पाँच) प्रतिशतले हुने रु.३,१९,१०,४७३.६२/- (तीन करोड उन्नाईस लाख दश हजार चार सय तिह्रतर दशमलव छ दुई मात्र) बराबरको बोनश शेयर लाभांश वितरण गर्न स्वीकृत गर्ने र सोहि हदसम्मको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।
२. यस वित्तीय संस्थाको सत्रौं बार्षिक साधारण सभाबाट हाल सम्म कायम कूल चुक्ता पूँजी रु.२२ करोड ३९ लाख ३३ हजार १४८ दशमलव २३ को १४.२५ (चौध दशमलव दुई पाँच) प्रतिशतले हुने रु.३,१९,१०,४७३.६२/- (तीन करोड उन्नाईस लाख दश हजार चार सय त्रिहत्तर दशमलव छ दुई मात्र) आ.व. २०८१/०८२ को प्रस्तावित बोनश शेयर लाभांश जारी गरे पश्चात यस वित्तीय संस्थाको कूल जारी पूँजी र चुक्ता पूँजी रु २५ करोड ५८ लाख ४३ हजार ६२१ दशमलव ८५ (अक्षरेपी पच्चीस करोड अन्ठावन लाख त्रिचालिस हजार छ सय एकाईस रुपैया पचासी

पैसा मात्र) पुऱ्याउन प्रस्ताव पारित गर्ने ।

३. सञ्चालक समितिमा १ जना स्वतन्त्र सञ्चालकको पद रिक्त रहेकोले उक्त रिक्त पदमा स्वतन्त्र सञ्चालकको प्रतिनिधित्व गर्न नियुक्त सञ्चालक लाई अगामी एक कार्यकाल (४ बर्ष) का लागि नियुक्ती/मनोनयन /अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने।

४. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरे बमोजिम (जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने) एवं अन्य दफा तथा नियमहरुमा आवश्यक) संशोधन गर्ने ।

५. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायवाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

६. यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष र सञ्चालकहरु वित्तीय संस्थाको कामको शिलशिलामा स्वदेशमा (कार्यक्षेत्र बाहिर) जानुपर्दा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

७. यस वित्तीय संस्था एक वा एक भन्दा बढी उपयुक्त लघुवित्तीय संस्थाहरुसंग एक आपसमा मर्ज (गाभ्ने/गाभिने) वा एक्विजीसन (प्राप्ति गर्ने/गराउने) आवश्यक भएको अवस्थामा सो कार्य गर्न साधारण सभाबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) बिविध ।

सत्रौं साधारण सभा प्रयोजनको लागि मिति २०८२ पौष १६ गते बुधवार १ दिनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द **(Book Close)** गर्ने तथा मिति २०८२ पौष १६ गते भन्दा अगाडी नेपाल स्टक एक्सचेन्ज लि.मा शेयर कारोवार भई दाखिल खारेज हुन बाँकी रहेका कारोवारहरु यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री ग्लोबल आईएमई. क्यापिटल लि., नारायणचौर, नक्सालमा नामसारीको लागि प्राप्त हुन आएको अभिलेखको आधारमा कायम हुने शेयरधनीहरुले मात्र सत्रौं साधारण सभामा भाग लिन तथा बोनश शेयर लाभांश प्राप्त गर्नको लागि योग्य हुनेछन् ।

संलग्न : साधारण सभा प्रयोजनका प्रथम पटकको लागि मिति २०८२/०९/०९ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना पेज -१

<u>बोधार्थ :</u>

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।

श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाण्डौं ।

श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाण्ठौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौं ।

श्री ग्लोबल आइएमई.क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौं ।

भवदीय,

...........................

हेमराज हेमन्त

कम्पनी सचिव